म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक २२२ शुक्रबार ९ चैत २०८० ने. सं. ११४४ चिल्लाथ्व 22 March 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## हेटौंडा-काठमाडौं जोड्ने छोटोमार्ग १६ दिन बन्द

हेटौंडा, ८ चैत/सडक कालोपत्रेका लागि बेस बिच्छ्याउने काम सुरु गर्न हेटौंडा हुँदै काठमाडौं जोड्ने वैकल्पिकमार्गको रुपमा रहेको महालक्ष्मी दोभान-घट्टेखोला-चखेल-मातातीर्थ सडकखण्ड आजदेखि १६ दिनका लागि बन्द हुने भएको छ ।

इन्द्रसरोवर गाउँपालिका-५ का वडाध्यक्ष दुतराज तितुङ्ले सडक कालोपत्रेका लागि बेस बिच्छ्याउने प्रयोजनका लागि सडकखण्डमा २३ चैतसम्म सवारीसाधन आवतजावतमा रोक लगाइएको जानकारी दिए । वडा कार्यालयले बुधबार सूचना जारी गर्दै हेटौंडालाई काठमाडौंसँग जोड्ने सबैभन्दा छोटो दूरीको मार्ग चखेल-मातातीर्थ सडक बन्द गरिने जानकारी दिएको हो । सूचनामा सडकमा निर्माण कार्य चलिरहेको समयमा सवारी आवतजावत पूर्णरुपमा बन्द गरिएकाले वैकल्पिक मार्ग प्रयोग गर्न यात्रुसमक्ष अनुरोध गरिएको छ ।

# मुख्यमन्त्रीको भागबण्डा नलाग्दा सत्तारुढ दल अलमलमा

साझाकुरा संवाददाता

हेटौंडा, ८ चैत/ बागमती प्रदेशमा सत्ता गठबन्धनका तीन घटक नेकपा एमाले, नेकपा माओवादी केन्द्र र नेकपा (एकीकृत समाजवादी) मुख्यमन्त्रीको भागबण्डा कुर्दैछन् ।

गठबन्धनको नेतृत्व तहमै मुख्यमन्त्रीको भागबण्डा नलागेकाले यी तीन दलबीचको औपचारिक छलफल ठोस बिन्दुमा पुग्नै नसकेको नेताको भनाई छ । दलहरुबीच मन्त्रालयको पुनर्विभाजन, कुन मन्त्रालय कसको भागमा, १२ वटा मन्त्रालय यथावत राख्ने कि घटाउने भन्ने सम्बन्धमा छलफल भएपनि ठोस निर्णय हुन नसकेको नेताहरुले बताए ।

सरकार गठनका लागि कार्यदल बनाएर अघि बढिएको एकीकृत समाजवादीका नेता कृष्ण शर्माखनालले जानकारी दिए । नेता खनालले मुख्यमन्त्रीको भागबण्डा टुंगिनुपर्ने बताए । 'मुख्यमन्त्रीको भागबण्डा नटुंगिएसम्म यहाँ मन्त्रालयको पुनर्विभाजन हुँदैन,' उनले भने, 'अब छिट्टै टुंग्याउनुपर्छ । नत्र सबैतिर अस्तव्यस्त हुन्छ ।'

३० फागुनमा एमालेका सचेतक मधुसुदन पौडेल, माओवादीबाट सचेतक ढकाल र एकीकृत समाजवादीबाट बसन्त मानन्धरको



तीन सदस्यीय कार्यदल बनाइएको छ । प्रदेशका शीर्ष नेताहरुसहित कार्यदलको दुईवटा बैठक बसेको र सरकारको विषयमा छलफल भएको नेता खनालले उल्लेख गरे । कार्यदलले प्रदेशमा पनि न्यूनतम साझा कार्यक्रम ल्याउने खनाल बताउँछन् ।

सरकारमा माओवादी केन्द्र आफ्नै नेतृत्व हुनुपर्ने लबिङमा छ । नेकपा एमाले र एकीकृत समाजवादी भने मुख्यमन्त्रीमा भागबण्डाको टुंगो चाहिरहेका छन् । कांग्रेस सरकारबाट बाहिरिएकाले २३ फागुनदेखि मुख्यमन्त्री शालिकराम जम्कट्टेल अल्पमतको सरकार चलाइरहेका छन् । उनले संविधानत: ३० दिनभित्र विश्वासको मत लिइसक्नु पर्नेछ ।

विश्वासको मत लिनु अगावै उनले सरकार गठनको प्रक्रिया थाल्नुपर्छ । बुधवार काठमाडौंमा बसेको माओवादी केन्द्र बागमती प्रदेश संसदीय दलको बैठकमा विश्वासको मत लिने सम्बन्धमा छलफल भएको सचेतक रत्नप्रसाद ढकालले जानकारी दिए । उनले हप्ता दिनभित्र सरकार गठनको प्रक्रिया एउटा बिन्दुमा पुऱ्याउने निचोड निकालिएको बताए ।

'पहिला मुख्यमन्त्रीको भागबण्डा टुंगो लाग्नुपर्छ । अरु दलले पनि भागबण्डा टुंग्यानुस अनि कुरा गरौंला भनेका छन् । २/३ दिनभित्रमै सबै टुंगिन्छ । त्यसपछि सरकार गठन र विश्वासको मत लिनलाई तीव्रता दिन्छौं,' ढकालले भने । उनले मुख्यमन्त्रीको भागबण्डा नलागेकै कारण सरकार गठनम ढिलाई भइरहेको बताए ।

नेकपा एमालेका सचेतक पौडेलले गठबन्धनको केन्द्रीय तहमै मुख्यमन्त्रीसहितको भागबण्डा टुंगिन बाँकी रहेकाले प्रदेशमा अलमल भएको बताए । प्रदेश गठबन्धनमा छलफल जारी रहेको र केन्द्रमा भागबण्डा टुंगिएपछि मात्रै सबै काम अगाडि बढाउनेमा पुगिएको उनले जनाए ।

११० सदस्यीय प्रदेश सभामा सरकारले बहुमत सिद्ध गर्न ५६ सांसदको समर्थन आवश्यक पर्छ । प्रदेशसभामा कांग्रेसको ३७, एमालेको २७, माओवादीको २१, राप्रपाको १३ (सभामुखसहित), एकीकृत समाजवादीको ७, नेपाल मजदुर किसान पार्टीको ३ र हाम्रो नेपाली पार्टीका २ प्रदेशसभा सदस्य छन् । राप्रपा र नेपाल मजदुर किसान पार्टी तत्काल सरकारमा नजाने भएकाले सरकारमा हाम्रो नेपाली पार्टी निर्णायक बनेको छ ।

हाम्रो नेपाली पार्टीले पनि मुख्यमन्त्रीमा दाबी गरेको छ । दलका नेता शैलेन्द्रमान बज्राचार्यले सरकार गठनमा निर्णायक भएकाले मुख्यमन्त्रीमा दाबी गरेको बताए । उनले गठबन्धनका दलहरुसँग छलफल भइरहेको बताए । 'पहिला मुख्यमन्त्रीको टुंगो लागोस अनि कुरा गरौंला भनेका छौं,' उनले भने, 'उहाँहरु कसरी आउनुहुन्छ हेरौं', ।

## राष्ट्रिय भूमि आयोग खारेज

साझाकुरा संवाददाता

हेटौंडा, ८ चैत/सरकारले राष्ट्रिय भूमि आयोग खारेज गरेको छ । बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले आयोग खारेज गर्ने निर्णय गरेको एकजना मन्त्रीले जानकारी दिए ।

३० भदौ २०७८ मा सरकारले कांग्रेससम्बद्ध नेपाल शिक्षक संघका पूर्वअध्यक्ष केशव निरौलाको अध्यक्षतामा आयोग गठन गरेको थियो । त्यसअघि तत्कालीन सरकारले एमाले नेता देवी ज्ञवाली नेतृत्वको भूमिसम्बन्धी समस्या समाधान आयोग खारेज गरेको थियो । सत्ता गठबन्धन फेरिएसँगै नयाँ आयोग गठन गर्ने गरी सरकारले राष्ट्रिय भूमि आयोग खारेज गरेको हो ।

भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई लालपूर्जा दिने गरी गठन भएको भूमि आयोगले पछिल्लो समयमा विभिन्न ठाउँमा लालपूर्जा वितरण थालेको थियो । स्थानीय तहहरुबाट भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीको आवेदन लिने, त्यसको प्रमाणीकरण गर्ने र नापी नक्सामा पठाउने काम सुरु भएको थियो ।

अहिले अव्यवस्थित बसोबासीलाई सरकारी जग्गाको लालपूर्जा दिँदा तिर्नुपर्ने मूल्य आधा कम गर्ने प्रस्ताव अर्थ मन्त्रालयमा पुगेको छ । यही अवस्थामा सत्तासमीकरण बदलिएसँगै नयाँ आयोग बनाउन पुरानो आयोगलाई खारेज गर्ने निर्णय भएको एक मन्त्रीले जानकारी दिए । भूमिसम्बन्धी ऐन २०२१ मा भूमि व्यवस्थापन र भूमि सम्बन्धी समस्या समाधानका लागि आयोग गठन गरिने उल्लेख छ ।

# प्रदेश स्वास्थ्य मन्त्रालयमा ज्ञापन

साझाकुरा संवाददाता



हेटौंडा, ८ चैत/ मनोसामाजिक स्वास्थ्य समस्या अनुभव गरेका व्यक्तिहरुले स्वास्थ्य मन्त्रालय बागमतीमा ज्ञापनपत्र बुझाएका छन् । मन्त्रालयका सचिव बद्रीबहादुर खड्कालाई उनीहरुले विशेष सवालमा सम्बोधन गर्न माग गर्दै ज्ञापनपत्र बुझाएका हुन् ।

मानसिक तथा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिको तर्फबाट धिरज लामा, मायादेवी गौतम, प्रमिला बरैली, बन्दना थिङ तामाङ, विशाल मोक्तान, पुतली स्याङबो, रन्जना ढुङगानालगायतले ज्ञापनपत्र बुझाएका हुन् । मानसिक तथा मनोसामाजिक सुस्वास्थ्यको विषयलाई बजेट विनियोजनमार्फत् प्राथमिकतामा राखी सम्बोधन गरिदिने उनीहरुले माग गरेका हुन् ।

मानसिक स्वास्थ्य विना पूर्णस्वास्थ्य सम्भव नभएको बताउँदै उनीहरुले प्रदेश सरकारको बार्षिक बजेट परिचालन गरी मानसिक स्वास्थ्यको क्षेत्रमा कार्यरत संस्थासँग साझेदारी गरिनुपर्ने, मानसिक स्वास्थ्य सेवामा टेलिमेडिसिन सेवालाई स्थानीय तहका अस्पतालमा जोड्ने कार्यक्रम गरिनुपर्ने, प्रदेशले सञ्चालन गर्ने जनस्वास्थ्यका सबै कार्यक्रममा मानसिक स्वास्थ्य सेवालाई एकीकृत गरिनुपर्ने, प्रदेश अर्न्तगत रहेका अस्पतालहरु तथा केन्द्रद्वारा सञ्चालित अस्पतालबाट नै भर्ना गरी मानसिक स्वास्थ्य सेवा दिने व्यवस्था मिलाइनुपर्ने माग गरेका हुन् ।

बीमाबाट उपलब्ध औषधिको व्यवस्थापन गरी समस्या भएको व्यक्तिको आवश्यकता अनुसार अति आवश्यक औषधि नि:शुल्क प्रदान गरिनुपर्ने, प्रदेश अर्न्तगतका निकायमा एक कार्यलय एक मनोविमर्शकर्ताको ब्यबस्था गरिनुपर्ने, पहुँच नपुगेका क्षेत्रका व्यक्तिको मानसिक स्वास्थ्यको सेवामा पहुँच बढाउन त्यस्ता क्षेत्रलाई समेट्ने गरी त्रैमासिकरुपमा मानसिक स्वास्थ्य क्याम्प सञ्चालन गर्ने नीति बनाइनुपर्ने, मानसिक अपाङ्गता भएका व्यक्तिलाई अत्यावश्यकताको आधारमा बिषेश प्याकेजमार्फत् सहुलियत सहितको विषेश सेवाप्रदान गर्ने कुरालाई नीतिगतरुपमा समावेश गरिनुपर्ने माग गरेको समन्वय तथा सहजिकरण गर्दै आएको संस्था कोशिश मकवानपुरकी पैरवीअधिकृत सुनिरा लामाले बताइन् ।

नेपालको राष्ट्रिय जनगणना २०७८ को तथ्यांकअनुसार कुल जनसंख्याको २.२ प्रतिशतमा कुनै न कुनै प्रकारको अपाङ्गता छ । त्यसैगरी कुल अपाङ्गताको ४.२८ प्रतिशतमा मनोसामाजिक अपाङ्गता छ । मनोसामाजिक अपाङ्गताको विवरण अनुसार नेपालमा महिला १३ हजार ७२ र पुरुष १४ हजार ९७३ जना छन् ।

यसैगरी बागमती प्रदेशमा महिला २ हजार ७९७ र पुरुष २ हजार ८६३ जनामा मनोसामाजिक अपाङ्गता छ । मकवानपुर जिल्लामा महिला २३० पुरुष २९४ जना छन् । यसैगरी हेटौंडा उपमहानगरपालिकामा महिला ७८ पुरुष १०७ जनामा मनोसामाजिक अपाङ्गता छ ।


हार्दिक बधाई एवम् शुभकामना



मञ्चन तिवारी — शैक्षिक प्रमुख (मावि)
संचिता पाण्डे — शैक्षिक प्रमुख (प्राथमिक)
मनोज थिङ — प्रिन्सीपल
सिएम रिमाल — मावि तह संयोजक
नरेन्द्र कुमार नगरकोटी — तालिम विभाग प्रमुख
शरदराज पाण्डे — प्रशासन तथा लेखा प्रमुख

नवोदय शिशु सदन माविमा विभिन्न जिम्मेवारी प्राप्त गर्नुहुने सम्पूर्णमा हार्दिक बधाई एवम् शुभकामना व्यक्त गर्दछौं। आशा छ नवोदय शिशु सदन माविका विद्यार्थीको सर्वाङ्गिण विकासमा उल्लेखनीय कार्य गर्न सक्नुहुनेछ।

विद्यालय व्यवस्थापन समिति परिवार

नवोदय शिशु सदन मावि

हेटौंडा-४, मकवानपुर

साझाकुरा

## हाम्रो कुरा

# खराब हालतका होटल/रेष्टुरेन्ट

हेटौंडा उपमहानगरपालिकाको मुख्य बजारभित्र रहेका अधिकांश होटल तथा रेष्टुरेन्ट खराब हालतमा रहेको पाइएको छ । जनस्वास्थ्यमा खेलवार्ड गरेर पैसा कमाउने होटलहरुलाई कानुनबमोजिम कारबाही गर्नै पर्छ । पैसा कमाउनका लागि जनस्वास्थ्यमा खेलवार्ड गर्न कसैलाई पनि छुट छैन । सरसफाईमा चुस्तदुरुस्त र अखाद्य वस्तुको प्रयोग शुन्य हुनुपर्ने होटल तथा रेष्टुरेन्टहरु दुवै सूचकमा अतिखराब अवस्थामा भेटिएको हो । होटल तथा रेष्टुरेन्टलाई राम्रो हालत मान्न दर्जन बढी सूचक हुन्छन् । तर, उपभोक्ताको स्वास्थ्यसँग प्रत्यक्ष जोडिने विषय भएकाले प्रमुखत: सर सफाई र खाद्यसामग्रीको प्रयोगलाई महत्वपूर्ण मानिन्छ । हेटौंडाका २६ वटा होटल तथा रेष्टुरेन्टमा गरिएको अनुगमनबाट ३ वटा सामान्य (सन्तोषजनक) अवस्थाका र बाँकी २३ वटामा खोट भेटिएको हो । सरकारी अनुगमन बेलाबखत मात्रै हुने गरेकाले होटल तथा रेष्टुरेन्टले मौकामा दाउ थाप्दै आएको उपभोक्ता अधिकारीकर्मीहरुले बताएका छन् । नियमित अनुगमन भएमा उपभोक्ताको स्वास्थ्यमाथि खेलबाड गर्ने होटल तथा रेष्टुरेन्ट सही अवस्थामा आउने अधिकारकर्मीको दाबी छ । अनुगमनबाट ६ वटा होटल तथा रेष्टुरेन्टलाई नगद जरिवाना गराइएको खाद्यप्रविधि तथा गुण नियन्त्रण कार्यालयले जानकारी दिएको छ ।

जिल्ला प्रशासन मकवानपुर, खाद्यप्रविधि तथा गुण नियन्त्रण कार्यालय हेटौंडा, हेटौंडा उपमहानगरपालिका कार्यालय, उद्योग तथा वाणिज्य कार्यालय, जिल्ला प्रहरी कार्यालय र उपभोक्ता हितसंरक्षण मञ्चको संयुक्त अनुगमन भएको थियो । अनुगमनबाट दाजुभाइ स्विट एण्ड फास्ट फुड, हेटौंडा-४, ओशिन रेस्ट हाउस, हेटौंडा-२ र हाम्रो होटल बासुकला, हेटौंडा-४ को अवस्था सन्तोषजनक पाइएको खाद्यप्रबिधि तथा गुण नियन्त्रण कार्यालयले उल्लेख गरेको छ । अनुगमनका आधारमा युनिभर्सल रेष्टुरेन्ट, हेटौंडा-४, सरसफाईमा लापरबाहीले १० हजार जरिवाना, हिमालयन स्विट्स, हेटौंडा-४, सरसफाईमा लापरबाहीका कारण ५ हजार जरिवाना, अन्नपूर्ण भोजनालय, हेटौंडा-१, सरसफाईमा लापरबाहीले ५ हजार जरिवाना, गंगा मिठाई उद्योग, हेटौडा-१, सरसफाईमा लापरबाहीले ५ हजार जरिवानामा परेको छ । यसैगरी, जयशम्भु मिष्ठान्न भण्डार, हेटौंडा-४ लाई सरसफाईमा लापरबाहीले १० हजार तथा वृन्दावन मिष्ठान्न भण्डार, हेटौंडा-४ लाई सरसफाईमा लापरबाही गरेकाले ५ हजार जरिवाना तिराइएको खाद्य कार्यालयले जानकारी दिएको छ । अनुगमनबाट न्यु स्विट एण्ड चाट हाउसलाई सरसफाईका लागि निर्देशन, आरएसएस बर्गर हाउस एण्ड क्रंची फ्राइड चिकेनमा भेटिएको नक्कली चुकअमिलो नष्ट र सरसफाईका लागि निर्देशन दिइएको छ । मालिका हस्पिटालिटी एण्ड फुडमा भेटिएको फोहोर अवस्थाको पिठो नष्ट, मनकामना होटेल एण्ड लजमा म्याद गुज्रिएको पेयपदार्थ नष्ट, समोसा हाउसलाई सरसफाईका लागि निर्देशन दिइएको कार्यालयले जनाएको छ ।

ढिंडो घर प्रालिमा म्याद गुज्रिएको टोमेटो पेष्ट नष्ट र सरसफाईका लागि निर्देशन, युनिक स्विटको म्याद गुज्रिएको जुस र मिठाई नष्ट, जनप्रिय भोजनालय, हेटौंडा-२, म्याद गुज्रिएको पेयपदार्थ नष्ट, लोकप्रिय प्लसलाई सरसफाईमा सुधारका लागि निर्देशन, हेटौंडा भेटघाट रेष्टुरेन्टलाई सरसफाईमा सुधारका लागि निर्देशन, थापा होटललाई इजाजत नभएको पेयपदार्थ नष्ट र सरसफाईका लागि निर्देशन, श्रेष्ठ होटलमा अखाद्य तेल भेटिएको र मिठाई नष्ट गरिएको कार्यालयले जानकारी दिएको छ । चुनियाँ थकाली होटललाई सरसफाईमा सुधारका लागि निर्देशन, अनमोल स्विट्सलाई सरसफाईमा सुधारका लागि निर्देशन, केक प्यालेसलाई सरसफाईमा सुधारका लागि निर्देशन र उत्पादन मिति नाघेको सामग्री नष्ट, विशुद्ध मोमो चा:मा लेबल विवरण नभएको म्याद गुज्रिएको अखाद्यवस्तु भेटिएको र पिज्जा पेष्ट नष्ट, अमन बेकरी एण्ड आइसक्रिम पार्लरमा म्याद गुज्रिएको पेयपदार्थ भेटिएपछि नष्ट गरिएको जनाइएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० चैत १० गते शनिबार २३ मार्च २०२४ । त्रयोदशी, फागुन शुक्लपक्ष । चिल्लाथ्व ११४४ ने.सं. । सूर्योदय ६:६, सूर्यास्त ६:१६ । विश्व मौसम दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : प्रयासहरु फलदायी हुने | **तुला** | : लेनदेनको विवाद बढ्ने |
| **वृष** | : कुरा काट्नेहरु सक्रियता | **वृश्चिक** | : स्वास्थ्यमा सुधार हुने |
| **मिथुन** | : बौद्धिक कार्यबाट प्रशंसा मिल्ने | **धनु** | : अध्ययनमा प्रगति हुने |
| **कर्कट** | : अरुको विश्वास जित्न सकिने | **मकर** | : रोग एवम् चिन्ता बढ्ने |
| **सिंह** | : चिन्ता बढ्ने | **कुम्भ** | : व्यवसायबाट लाभ पाइने |
| **कन्या** | : मान मर्यादामा वृद्धि | **मीन** | : जिम्मेवारी पूरा गर्न सकिने |

### सन्दर्भ: विश्व पानी दिवस

# 'शान्तिको लागि पानीको उपयोग'



✍ संजयकुमार न्यौपाने

**वि.सं. २०८१ सम्ममा सबै नेपाली जनतालाई आधारभूत खानेपानी र सरसफाइ सेवा उपलब्ध गराउने राष्ट्रिय लक्ष्य तथा सन २०३० सम्म खानेपानी तथा सरसफाइमा सबैको पहुँचको सुनिश्चितता गर्ने दिगो विकास लक्ष्य हासिल गर्नेतर्फ अग्रसर रहेको छ ।**

सन् १९९३ देखि हरेक वर्ष २२ मार्चमा विश्व पानी दिवस मनाइदै आइरहेको छ । पानी दिवस पानीको महत्वमा केन्द्रित संयुक्त राष्ट्र संघको वार्षिकउत्सव हो । प्रत्येक वर्ष, यस दिनले पानीसम्बन्धी समस्याको बारेमा चेतना जगाउँछ, पानीको स्रोत र सरसफाइका वारेमा झक्झकाउने गर्छ । साथै पानीको अवस्था र संकटका वारेमा जानकारी गराउँछ ।

विश्व पानी दिवस २०२४ को नारा 'शान्तिको लागि पानीको उपयोग' भन्ने रहेको छ । विश्वको स्थायित्व र समृद्धिमा पानीले खेल्ने महत्वपूर्ण भूमिकामा केन्द्रित रहेको छ । पानी र सरसफाइ संकटसँग जुध्न सचेतना जगाउँने कार्यलाई प्रेरित गदर्छ । सुरक्षित पानीको पहुँच बिना बाँचिरहेका २.२ बिलियन मान्छेको जागरुकता जगाउन खोजेको छ ।

जब पानी दुर्लभ वा प्रदूषित हुन्छ, वा जब मानिसहरुमा असमान वा पहुँच छैन, समुदाय र देशबीच तनाव बढ्न सक्छ । विश्वका ३ अर्बभन्दा बढी मानिस राष्ट्रिय सीमाना पारगर्ने पानीमा निर्भर छन् । यद्यपि, आफ्ना छिमेकीहरुसँग नदी, ताल र जलचर बाँडफाँड गर्ने १५३ देशमध्ये, २४ देशले मात्र उनीहरुको सबै साझा पानीका लागि सहयोग सम्झौता गरेको पाइएको छ ।

जलवायु परिवर्तनको प्रभाव बढ्दै जाँदा र विश्वव्यापी जनसंख्या बढ्दै जाँदा, हामीले हाम्रो सबैभन्दा बहुमूल्य स्रोतको संरक्षण गर्ने र संरक्षण गर्न एकजुट हुनुपर्ने देखिन्छ । सबैको मानवअधिकार र आवश्यकतालाई सन्तुलनमा राख्न मिलेर काम गर्दा पानी दिगो विकासको लागि स्थिर शक्ति र उत्प्रेरक हुन सक्छ । विश्व पानी दिवसको मुख्य फोकस दिगो विकास लक्ष्य SDG 6: सबैका लागि सन् २०३० सम्म सुरक्षित खानेपानी तथा सरसफाइको पहुँच उपलब्ध गराउनु रहेको छ ।

नेपालले विगत तीन दशकदेखि खानेपानी तथा सरसफाइ क्षेत्रलाई प्राथमिकता दिंदै आएको छ । सबै क्षेत्रगत सरोकारवाला एवम् विकास साझेदारको संयुक्त सहकार्यमा ९५ प्रतिशत जनसंख्यालाई आधारभूतस्तरको खानेपानी प्रणालीमा पहुँच पुगेको, २५ प्रतिशत जनसंख्यालाई उच्च तथा मध्यमस्तरको खानेपानी सेवामा पहुँच पुगेको तथा नेपाल सन २०१९ मा खुला दिसामुक्त राष्ट्र घोषणा भैसकेको छ भने यस क्षेत्रमा भएको विकासले पानीजन्य सरुवा रोगहरुबाट हुने मृत्यु तथा रोगभार कम हुँदै गएको अवस्था छ ।

तर, पनि व्यक्तिगत तथा सामुदायिक सरसफाइको अभावमा हैजा, टाइफाइड जस्ता पानीजन्य रोग पटकपटक महामारीको रुपमा देखिने गरेका छन् । बि.सं. २०८१ सम्ममा सबै नेपाली जनतालाई आधारभूत खानेपानी र सरसफाइ सेवा उपलब्ध गराउने राष्ट्रिय लक्ष्य तथा सन २०३० सम्म खानेपानी तथा सरसफाइमा सबैको पहुँचको सुनिश्चितता गर्ने दिगो विकास लक्ष्य हासिल गर्नेतर्फ अग्रसर रहेको छ ।

स्वस्थ आनीबानी व्यवहारमा परिवर्तन ल्याउनुका साथै खुला दिसामुक्त अवस्थाको दिगोपना कायम राख्दै पूर्ण सरसफाइ अवस्थाको श्रृजना तथा सहरी क्षेत्रमा फोहोरपानी तथा मानव मलमूत्रजन्य फोहोर व्यवस्थापन जस्ता समस्याको सम्वोधन गर्नेतर्फ निकै प्रयास गर्नु आवश्यक रहेको छ । खानेपानी तथा सरसफाइ प्रणालीको दिगोपना एक प्राथमिकताको सवाल हो भने आधारभूत खानेपानी सेवा नपुगेको करिब ५% (प्रतिशत) हाराहारीमा रहेको जनसंख्यालाई सेवा पुऱ्याउनु, जनगणना २०७८ को नतिजाले उजागर गरेको चर्पीको पहुँच बाहिर रहेका ४.५% (प्रतिशत) घरधुरीमा चर्पीको पहुँच पुऱ्याउनु, उपलब्ध खानेपानी तथा सरसफाइ सेवाको गुणस्तर अभिवृद्धि गर्नु, सेवामा समन्यायिक पहुँच पुऱ्याउनु महत्वपूर्ण सवालहरु हुन् ।

प्रणालीहरुको न्युन दिगोपना र सुचारुपनका पछाडि आंशिकरुपमा प्रणालीहरुको संचालन एवम् मर्मतसम्भार व्यवस्थापनमा रहेको अपर्याप्तता कारकको रुपमा रहेको देखिन्छ । अध्ययन प्रतिवेदनले के देखाउँछन भने करिब एकतिहाई प्रणालीमा खानेपानी तथा सरसफाइ प्राविधिक उपलब्ध रहेको, कानूनत: दर्ता गरिएका उपभोक्ता संस्थाको संख्या करिब एक तिहाई भन्दा केही बढी मात्र रहेको तथा थोरै प्रणालीमा मात्र मर्मतसम्भार कोष रहेको अवस्था छ ।

पर्याप्त बजेट व्यवस्थाका साथ निर पेक्ष रुपमा गाउँ, सहर तथा जुनसुकै पर्यावरणीय भूभागमा छरिएर रहेको भए तापनि सेवाबाट बञ्चित जनसंख्याको परिस्थितिको जायज विवेचना गर्दै उनीहरुको खानेपानी र सरसफाइ सेवामा पहुँचको मानवीय आवश्यकता पूर्तितर्फ सम्बद्ध सबै व्यक्ति, समाज र संस्थाले सामाजिक दायित्वकारुपमा लिई तीनै तहका सरकारको आपसी समन्वय र सहकार्यमा दह्रो संयन्त्रमार्फत भावी योजना तथा कार्यक्रमको कार्यान्यवनबाट नै खानेपानी तथा सरसफाइ क्षेत्रले तय गरेको २०८१ सम्ममा सबैको लागि आधारभूत खानेपानी र सरसफाइ सेवा तथा सन २०३० सम्म सबैमा सुरक्षित खानेपानी तथा सरसफाइको पहुँच तथा दिगो व्यवस्थापन गर्ने दिगो विकास लक्ष्य पूरा गर्ने ध्यय पूरा हुनेछ ।

### हेटौंडा खानेपानी व्यवस्थापन बोर्डको वर्तमान अवस्था

विश्व पानी दिवसको मुख्य फोकस दिगो विकास लक्ष्य, सहस्राब्दी विकास लक्ष सबैका लागि सन् २०३० सम्म सुरक्षित खानेपानी तथा सरसफाइको पहुँच उपलब्ध गराउने उद्देश्य अनुरुप हाल हेटौंडा खानेपानी व्यवस्थापन बोर्डले हेटौंडा उपमहानगरपालिका अन्तर्गत वडा नं २,४,५,६,७, ८,९,१० गरी ८ वटा वडाको सबै भूभाग र वडा नं. १, ३, १४, १५, १६, १७, १८ र १९ का केही भूभागमा बसोबास गर्ने करिब १ लाख ६० हजार नगरबासीलाई दैनिक २ करोड ६२ लाख लिटर पानी उत्पादन गरी करिब २६ हजार ८ सय ७५ वटा धाराबाट सरदर दैनिक ७ देखि ८ घण्टा खानेपानी वितरण गर्दै आइरहेको छ ।

आज शुक्रबारबाट सामरी समवेलको शुभारम्भ भएसंगै दैनिक ६० लाख लिटर पानी थप गरी ३ करोड २२ लाख लिटर खानेपानी वितरण गर्न बोर्ड सफल भएको छ । हेटौंडा उपमहनगरपालिकाको मुख्य बजारक्षेत्र भित्र २४ सै घण्टा पानी वितरण गर्न सक्ने अनुमान गरिएको छ । हाल बोर्डमा १ वटा सतहगत मुहान, डिप बोरिङ ३७ वटा सम्वेल १३ वटा र पानी भण्डारण क्षमता ६४४९ घनमिटर रहेको छ भने पाइपलाइन नेटर्वक करिब ४७० किलोमिटर रहेको छ ।

*(लेखक हेटौंडा खानेपानी व्यवस्थापन बोर्डका सूचना अधिकारी हुन् ।)*

# परम्परामाथिको राजनीतिक हस्तक्षेप



✍ मुक्तिबन्धु

कुनै पनि कुरा आफ्ना ठाउँमा रहन पाउँदा सुहाउँछ, अर्काको ठाउँमा रहन खोज्दा त्यही कुरा सुहाउँदैन । हाम्रा पुर्खाका यस्ता अनुभव जनजीवनका धेरैजसो कुरामा आज पनि लागू हुन्छ। स्थानभ्रष्टा नशोभन्तेदन्ता केशा नखा नरा:। स्थानभ्रष्टता स्वाभाविक होइन । अस्वाभाविक कुरा देख्न पर्नु दु:ख हो, बेहोर्न पर्नु त अझ साह्रो दु:ख हो । शब्दान्तरमा भन्नुपर्दा सुन्न नपर्ने कुरा सुन्न पर्नु र बेहोर्न नपर्ने कुरा बेहोर्न पर्नु दु:ख हो । हामी नेपाली जनता आज त्यही दु:खमा छौं ।

नेपालको मन्त्री पदमा बसेर, नेपाली रगत-पसिनाको दानापानी खाएर नेपालकै परम्परागत रैथाने धर्म-संस्कृतिका विपरीत वैदेशिक धर्म-संस्कृतिको पक्षपोषण गरेर बोल्नु-चल्नु रैथाने धर्म-संस्कृतिको अपमान त हो नै, पदीय मर्यादा र दायित्वको पनि अपमान हो। संविधानमा उल्लिखित धर्मनिरपेक्षताकै पनि अपमान हो। संविधानका प्रावधानको ठाडो उल्लैनसमेत हो। वर्तमान संविधानको पालन गर्छौं र धर्मनिरपेक्षताका साँच्चिकै पक्षपाती हौं भन्ने कुनै पनि राज्यले धर्मका बारेमा बोल्न मिल्दैन। कुनै पनि धार्मिक संस्थामाथि हस्तक्षेप गर्न मिल्दैन । धुपौरेहरु भर्ती गरेर धार्मिक, सांस्कृतिक संस्थानहरुमाथि लुट मच्चाउने काम गर्न मिल्दैन । कानुनत: यस्तो गर्नै हुँदैन ।

नेपाल तमाम नेपालीहरुको साझा चौतारी हो । चौतारी नेपालको परम्परागत संस्कृति पनि हो । एक थरी मुसाहरु चौतारीकै छहारीमा दुलो खोजी बसेर निरन्तररुपमा त्यसै चौतारीका वरपीपलको जरा काट्दै छन् । जरा काटेर यी वृक्षलाई ढाल्ने ठेक्का नै लिएको शैलीमा जरा काट्दै छन् । यिनै मुसामध्येका कति मुसा आजका ठूला-ठूला मन्त्री र हाकिम पनि छन् । ती भाषण गर्छन्। निर्देशन दिन्छन् । समष्टिमा हेर्दा यी सबै यो चौतारी ढाल्ने ठेक्का अन्तर्गत निर्देशित देखिन्छन् । लाग्छ, यी मुसाहरु परम्परागत वरपीपलका चौतारीहरु मासेर यहाँ विदेशी प्रयोजन र प्रायोजनका रिलिजियस ट्रीहरु रोप्ने अभियानमा छन् ।

बूढा पुरानाहरु भन्छन्, घोड्मुखाहरुले शासन गरेका देशका सम्बन्धमा त पुराण कथाहरुमा सुनिएको हो । घोडाले शासन गरिरहेको देशबारे भर्खरै पनि छिमेकी मुलुकका एकजना वयोवृद्ध पूर्वजर्नेलले बकेको सुनियो । प्रतिवाद गरेको सुनिएन । लाज पनि कति मान्नु ? के-केमा लाज मान्नु ? मुलुकका शासककै गति त्यस्तो भएपछि शासनको गति कस्तो हुनु ? आशा गर्ने ठाउँ बिलकुलै छैन र पनि आशा जीवित छ । आशा वलवती राजन् शल्यो जयति पाण्डवान् ! आशाका सन्दर्भमा यतिसम्म भन्न पर्नु पनि हामी नेपालीका लागि भयङ्कर दु:ख हो ।

देवात्मा हिमालयको काखमा रहेको देश नेपाल वैदिक कालदेखि नै स्वतन्त्र सम्पन्न मुलुक रहिआएको र धार्मिक क्षेत्रमा अत्यन्त्य उदार एवम् समावेशी रहिआएको यथार्थको प्रमाण नेपाली समाज आफैं नै छ। यहाँ बोनसनातन, बौद्धसनातन, किरात सनातन र वैदिक सनातनीबीच भेदभाद छैन र आपसमा हस्तक्षेप पनि छैन । यही नै नेपालको मौलिकता हो र सांस्कृतिक सौन्दर्य पनि हो। यहाँ थुम्का-थुम्कामा बुद्ध छन्। चुली-चुलीमा गौरीशङ्कर छन्। हरेक खोला, खोल्सा र पोखरीमा बोधिसत्वहरु छन्, शिवशक्तिहरु छन् । हरेक गौंडा, गल्छेडा र भन्ज्याङमा दैवी शक्तिसूत्रहरु छन् । ढुङ्गा-ढुङ्गामा सिमे, भूमे, देवी, चौरालीहरु छन् । सबै सबैका छन् । साझा छन् । यहाँ धर्महरु छन्, सम्प्रदाय छैन । साम्प्रदायिक तनाव छैन । यहाँ धर्मको अर्को नाम शील हो। स्वभाव हो । असल आचरण हो । आचार: परमो धर्म:। यही धर्म परम्परा यस्तो हो, जहाँ कुनै कर्मकाण्ड र ईश्वरीय सत्ता नमान्ने व्यक्ति पनि समाजमा त्यत्तिकै सम्मानित छ । अपमानित छैन। नेपालमा धार्मिक कट्टरता छैन । यसैले यहाँ धर्मका आडमा डुक्ने, गर्जने चलन पनि छैन ।

आपसमा सद्भाव र मेलमिलापको संस्कृति प्रकारान्तरले नेपालको राष्ट्रिय सम्पत्ति हो । हामी नेपाली मात्रले यसमा गौरव महसुस गर्नुपर्छ भन्ने धेरैलाई लागेको हुनुपर्छ । आपसी सद्भाव र मैत्रीबाट समाजमा कसैलाई हानि छैन । असल आचरणबाट कसैलाई हानि छैन ।

नेपालको संस्कृतिमा केही परम्परागत मौलिक चलनहरु छन् । जस्तै- इन्द्रजात्रा, भोटो जात्रा, विभिन्न रथयात्रा, फूलपाती उत्सव, शिवरात्रि उत्सव, कुमारीदर्शन, खड्गजात्रा, विभिन्न शिवशक्ति र बौद्ध, किरात मन्दिर एवम् तीर्थस्थलहरुमा समय-समयमा आयोजित हुने मेला, पर्व, जात्रा, दशैं, तिहार, ल्होसार, माघी आदि । भनिन्छ, परम्परागत यी जात्रा-पर्वहरुमध्ये कति पुराणकालीन छन् भने कति वेदकालीन पनि छन् । कति अझ पुराना छन् । दक्षिण एसियामा अन्त कतै नदेखिने कतिपय अति प्राचीन जात्रा नेपालमा अद्यावधि देख्न पाइन्छ ।

नेपाल समृद्ध र विविधताभरी प्राकृतिक चित्रमयताले भरिभराउ एक सुन्दर मनोहर देश हो । यहाँका निवासीहरुको धर्म-संस्कृति र स्वभावमा त्यसको छाया छ । नेपालीहरु बहादुर मात्र छैनन्, प्रकृतिमा रम्न, झुम्न मन पराउने मिलनसार र रमाइला पनि छन् । यसो हुनुमा यहाँका रैथाने चारै धर्म-संस्कृतिका अन्तर्दृष्टिले काम गरेको छ ।

वैदिक सनातनीहरु प्रकृतिपूजक थिए । दिक् वात अर्क प्रचेता वन्हि इन्द्र, उपेन्द्र मित्र अर्थात् दिक् दिगन्तर, हावा, सूर्य, पानी, आगो वैदिक सनातनीहरुका स्थापित देवता हुन् । दिक्वातार्क प्रचेतसी वन्हिन्द्रेपेन्द्र मित्रका: भनिएकै छ । यी सबै प्रकृति देवता हुन् । युगप्रवर्तक वासुदेव कृष्णले इन्द्रका बदला गोवर्द्धन पर्वतको पूजा गराएर प्रकृतिपूजनका क्षेत्रमा अझै नयाँ अध्याय शुरु गरेका थिए । फलत: पहाड, पर्वत, नदी, वनस्पति सबै नै वैदिक सनातनीहरुका पनि पूज्य देवता बन्न पुगे । संस्कृतका महाकवि कालिदासले हिमाललाई देवात्मा भनेका छन्। अस्त्युत्तरस्यां दिशि देवतात्मा हिमालयो नाम नगाधिराज:। कुमारसम्भव महाकाव्यको पहिलो श्लोकमै हिमाल उभिएको छ। नेपालका किरातहरु पनि सर्वथा प्रकृतिपूजक हुन्।

प्रकृतिका सबै जीवजन्तु, वनस्पति र पहाड, पर्वतप्रति किरातहरुको पूजाभाव रहिआएको छ। शिव किरातेश्वर भनिन्छन् । किरातहरुसँग शिव-पार्वतीका धेरै कथा प्रसङ्गहरु छन् । सुम्निमा र पारुहाङ शिव-पार्वतीकै भाषान्तरित नाम पनि भनिन्छ । बोनधर्म नेपालको अर्को प्राचीनतम धर्म हो । यो दुई स्तम्भमा उभिएको छ । यसको एउटा स्तम्भ मन्त्र, यन्त्र र तन्त्र साधना हो भने अर्को स्तम्भ व्यापक प्रकृति पूजा हो । यो धर्म कुनै समय हिमालयको वारिपारि, उत्तर-दक्षिण सबै भेगमा फैलिएको थियो। आज पनि यो प्रकृतिपूजक धर्म हो भन्ने यथार्थ यसका पूजास्थान र विधिहरुले नै स्पष्ट पारेका छन्। नेपालका बौद्धधर्मीहरुमा बोनधर्मका धेरै कुरा समाहित छन् । कतै एकाकारजस्ता पनि देखिन्छन्।

बौद्धधर्म व्यापक करुणामय धर्म भएकोले यसका करुणाभाव र अहिंसा अन्तर्गत तमाम मानवीय सकारात्मकताहरु समेटिनु स्वाभाविकै थियो। नेपाली जनमानस अनुसार परापूर्व कालदेखि नै नेपालका गौंडा-गल्छेडा, भूमि-चौराली, पहाड-तराई यत्रतत्र सर्वत्र शिवशक्तिको निवास रहिआएको मानिन्छ। नेपालका शिव महात्मा बुद्ध पनि हुन्। नेपालका बुद्ध शिव शङ्कर महादेव पनि हुन् । नेपालका धेरै मूर्ति, मन्दिर र तीर्थस्थलहरुमा शिव र बुद्धको समन्वयाभाव परापूर्व कालदेखि रहिआएको छ । कति प्रार्थनामै पनि समान भाव भेटिन्छन् । जस्तै- यस्य ज्ञान दयासिन्धो रगाधस्यानघा गुणा: सेव्यतामक्ष्ययोधीरा: सोमृतत्वामृतायच। बुद्ध प्रार्थना। अमरकोश । विशुद्ध ज्ञान देहाय त्रिवेदी दिव्यचक्षुषे, श्रेय: प्राप्ति निमित्ताय नम: सोमार्धधारिणे । शिवप्रार्थना । सप्तशती कीलक।

देवी मन्दिर त नेपालमा अझ धेरै छन् । यहाँ ठाउँ-ठाउँमा सिमे-भूमेको पनि पूजा हुन्छ । हिंड्ने, उफ्रने, उड्ने, घस्रने सबै किसिमका जीवजन्तुको पूजा हुन्छ नेपालमा । यसरी नेपाल प्रकृतिस्थ देवदेवी, शिवशक्ति र बुद्धत्वका बोधले आप्लावित देश हो। नेपालका हरेक भूभाग खोला, खोल्सा, पोखरी, थुम्का, चुचुा, हिमाल, कुण्ड, हिमचुलीहरु यिनकै नामाङ्कित तीर्थ मन्दिर र चैत्यहरुले ओतप्रोत छन् । किरातहरु नेपालका प्राक् ऐतिहासिक कालदेखि सम्मानित रहिआएका रैथाने हुन् । नेपालमा किरातको चर्चा नयाँ होइन । धेरै पुरानो हो । नेपालमा परापूर्वकालदेखि नै किरात शब्द सम्मानित छ। किरातेश्वर महादेवका रुपमा पशुपतिनाथको चर्चा पनि त्यत्तिकै पुरानो हो। चर्चा महाभारतमा समेत छ। संस्कृतभाषाका विख्यात महाकवि भारविले आफ्नो महाकाव्यको नाम नै किरातार्जुनीय राखेका छन्। यसभित्र नेपालकै हिमालका काखमा आएर शिवबाट युद्धविद्या प्रात गर्न तपस्या गरिरहेका अर्जुनसँग परीक्षणयुद्ध पर्दा महादेवले किरातसरदारको भेषभूषा धारण गरेका अवस्थाको अति मनोहर चित्रण पढ्न पाइन्छ।

शिवशक्तिको सम्मान, प्रकृतिपूजन र बुद्धत्वसँगको सामञ्जस्यले नेपालमा नमुनालायकको धार्मिक समन्वयको सांस्कृतिक विरासत रहिआएको हो । नेपालमा रैथाने यी धर्महरुबीच विवाद, वैमनस्य र झगडाको इतिहास छैन। आपसी सद्भाव समन्वय र सहकारिताको यस संस्कृतिलाई भत्काउन समय-समयमा विदेशीहरुले प्रयास गरे पनि नेपाली मायाममताका मुटुहरुले आपसी सद्भावको अडान डग्न नदिई कायमै राखिआएका छन्। नेपालीहरुले पैसाको प्रलोभनमा परेर, विधर्मीहरुको लहैलहैमा लागेर सामाजिक सद्भाव र समन्वय बिथोल्न आफूलाई कहिल्यै सरिक हुन दिएका छैनन्।

नेपालको मेलमिलापप्रधान रैथाने जनसंस्कृतिका विपरीत र व्यापक राष्ट्रिय हितकै विपरीत अहिले आएर राजनीतिक नेतृत्वले बाटो बिराउन थालेको अनुभूति भएको छ । शिवको तपोभूमि र बुद्धको बोधभूमि नेपालमा बसेर यसै भूमिलाई अपमानित गर्दै सत्तासीनहरु होटलमा जुटेर मुनका पहेँलो मोहपानमा लठ्ठिएपछिका दिनहरुमा नेपालका रैथाने धर्म-संस्कृतिको खेदो खन्ने प्रवृत्ति सत्तासीनहरुबीच मौलाउँदै गएको र मुलुकका परम्परागत मन्दिर एवम् चैत्यहरुमाथिको सरकारी हस्तक्षेपले क्रूर रुप लिँदै आएको देखिएको छ।

रैथाने धर्मबाहेक अरु नवप्रवेशित राजनीतिक सामरिक प्रकृतिका धर्मका संस्थाहरुलाई निर्बाधरुपमा चल्न, फैलिन दिने र रैथाने धर्मका संस्थाहरुमा यी धर्मसँग सकारात्मक सरोकार नभएका व्यक्तिहरुलाई सञ्चालकमा नियुक्त गरेर विकासलाई विनाशमा परिणत गर्न निर्लज्जताका साथ लागिपरेको एउटा ज्वलन्त उदाहरण पशुपति क्षेत्र विकास कोष हो भने अर्को उदाहरण लुम्बिनी विकास पनि बनेको छ । रैथाने धार्मिक संस्थाहरुमाथिको सरकारको यो ठाडो हस्तक्षेप संविधानत: धर्मनिरपेक्षताका नारालाई पनि सुहाउने कुरा होइन ।


नदुखेको टाउको डोरी लाएर भनेजस्तै नेपालमा कहिल्यै नदुखेको धर्मलाई छुरी लाएर दुखाउने काम अहिले आएर राज्यसत्ताबाटै शुरु भएको छ । रैथाने धर्म-संस्कृतिमाथि सरकारको यो हस्तक्षेपको प्रवृत्ति नेपाल र नेपालीका हितमा छैन । *(साभार: नेपाल समाचार-पत्र)*

# बैंकर र व्यवसायी छुट्टयाउने दिशामा 'बाफिया': एक प्रतिशत सेयर हुनेले ऋण नपाउने

काठमाडौं/सरकारले बैंकर र व्यवसायीलाई अलग्याउने स्पष्ट व्यवस्था सहित 'बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन' (बाफिया) संशोधन प्रस्ताव संसद्मा दर्ता गराएको छ ।

सरकारले दर्ता गरेको बाफिया संशोधनले दफा ५२ मा संशोधन गरी कुनै बैंकमा उल्लेख्य स्वामित्व भएको व्यक्तिलाई कुनै किसिमको कर्जा वा सुविधा प्रदान गरिने छैन भन्ने उल्लेख छ ।

बाफिया संशोधन प्रस्तावमा 'उल्लेख्य स्वामित्व' को परिभाषामा पनि संशोधन गरी कुनै बैंक तथा वित्तीय संस्थामा १ प्रतिशत सेयर स्वामित्व भन्ने जनाउने बनाइएको छ ।




यसको अर्थ यो संशोधन संसद्ले पारित गरेको खण्डमा कुनै पनि बैंक तथा वित्तीय संस्थामा एक प्रतिशतभन्दा बढी सेयर लगानी भएका जोसुकै व्यक्तिले नेपालको वित्तीय प्रणालीबाट नै ऋण लिन नपाउने भएको नेपाल राष्ट्र बैंकको कानुन महाशाखाका प्रमुख दीपकराज लामिछानेले बताए ।

अहिले कुनै पनि बैंक तथा वित्तीय संस्थाले सम्बद्ध व्यक्तिलाई कुनै पनि कर्जा वा सुविधा दिन पाउने छैन भन्ने व्यवस्था छ । यो व्यवस्था अनुसार कुनै पनि बैंकमा दुई प्रतिशतभन्दा बढी सेयर स्वामित्व भएको व्यक्तिले सोही बैंकबाट कर्जा लिन पाउँदैन । तर, अन्य बैंक तथा वित्तीय संस्थाबाट ऋण लिनलाई कुनै बाधा अवरोध छैन ।

तर, नयाँ व्यवस्था संसद्ले पारित गरेको खण्डमा बैंकमा लगानी गर्ने र बैंकबाट ऋण लिएर अन्य क्षेत्रमा लगानी गर्ने व्यवसायीहरू स्पष्ट रूपमा छुट्टिनेछन् । 'बैंकर र व्यवसायी छुट्ट्याउने सहित यो व्यवस्था ल्याइएको हो,' लामिछानेले संचारकर्मीसँग भने ।

व्यवसायी बैंक सञ्चालक बन्न मात्रै नभई बैंकिङ 'नेटवर्थ' देखाएर अन्य बैंक तथा वित्तीय संस्थाबाट ऋण लिनु हुन्न भन्ने उद्देश्यसहित बाफिया संशोधन विधेयक तयार भएको लामिछानेले बताए ।

बैंकर र व्यवसायी छुट्ट्याउने विषय सैद्धान्तिक रूपमा राम्रो भए पनि यो व्यवस्था ल्याउन ढिला भएको पूर्वअर्थमन्त्री तथा राष्ट्र बैंकका पूर्वगभर्नर डा. युवराज खतिवडा बताउँछन् ।

'बैंकर र व्यवसायी छुट्ट्याउने प्रयास हामीले पनि गरेका हौं । तर, राष्ट्र बैंकले यसअघि नै चुक्ता पूँजी चार गुणा थप्न लगाएर व्यवसायीबाटै बैंकमा लगानी गराइसकेको छ,' उनले भने, 'त्यही बेला यस्ता व्यवसायीले चाहिँ लगानी गर्न नपाउने भन्ने व्यवस्था गरेको भए हुन्थ्यो । अब लगानी गरि सकेका व्यवसायीलाई निस्किने बाटो पनि दिनपर्ला नि त !'

अब बैंकर र व्यवसायी छुट्ट्याउने हो भने अर्को बाटो अवलम्बन गर्नुपर्ने उनले बताए । 'व्यवसायीलाई बैंकमा भएको सेयर विनिवेश गर्न दिनुपर्छ । बैंकहरूमा कम्तीमा ४० प्रतिशत सेयर स्वामित्व सर्वसाधारणको बनाउने व्यवस्था ल्याउनुपर्छ,' उनले भने ।

तर, आफ्नै मुद्दती र सिद, नेपाल सरकार वा राष्ट्र बैंकको ऋणपत्रको धितोमा सम्बद्ध व्यक्तिका रूपमा घोषणा गरी कर्जा प्रदान गर्न वा राष्ट्र बैंकले तोकेको घरायसी कर्जा प्रदान गर्न भने सकिने व्यवस्था उक्त दफामा गरिएको छ ।

यस अतिरिक्त ऐनको दफा १८ ले पनि बैंकर र व्यवसायीलाई छुट्ट्याउने स्पष्ट व्यवस्था गरेको छ । उक्त दफामा वित्तीय संस्थाबाट एक प्रतिशतभन्दा बढी व्यावसायिक कर्जा लिएको छ भने ऊ बैंकको सञ्चालक बन्न अयोग्य हुने व्यवस्था प्रस्ताव गरिएको छ ।

'सम्बद्ध व्यक्ति वा निजको परिवार वा निज र निजको परिवारसम्बद्ध कम्पनी वा संस्थाले लिएको कुल व्यावसायिक ऋण निज सञ्चालक हुन चाहेको बैंक वा वित्तीय संस्थाको चुक्ता पूँजीको एक प्रतिशतभन्दा बढी भएमा सञ्चालक हुन योग्य हुनेछैन,' बाफियाको दफा १८ को उपदफा (१) को खण्ड (च) पछि खण्ड (च १) थप गर्दै भनिएको छ ।

'बैंकमा लगानी गर्नेले सञ्चालक पनि हुँदा त्यसले व्यावसायिकतामा सम्झौता हुने अवस्था आयो,' राष्ट्र बैंक कानुन महाशाखा प्रमुख लामिछाने भन्छन्, 'बैंकिङ बाहेक व्यवसाय गर्ने हो भने जति कर्जा लिए पनि हुन्छ । तर, बैंकको लगानीकर्ता पनि हुने र त्यसको नेटवर्थ देखाएर कर्जा लिएर अन्य व्यवसाय गर्नु हुँदैन भन्ने मान्यता हो ।'

### "सम्बद्ध व्यक्ति" र "उल्लेख्य स्वामित्व" को परिभाषा परिवर्तन

बाफिया संशोधनमा बैंकर र व्यवसायी छुट्ट्याउने प्रयोजनका लागि सम्बद्ध व्यक्ति र उल्लेख्य स्वामित्वको परिभाषामा पनि परिमार्जन गर्ने प्रस्ताव गरिएको छ । बैंक तथा वित्तीय संस्थामा एक प्रतिशतभन्दा बढी सेयर स्वामित्व भए 'उल्लेख्य स्वामित्व' हुने प्रस्ताव संशोधनमा छ ।

हाल 'उल्लेख्य स्वामित्व' भन्नाले कुनै व्यक्ति वा संस्थाले एक्लै वा अन्य व्यक्ति वा संस्थासँग मिली संयुक्त रूपमा कुनै बैंक वा वित्तीय संस्थाको चुक्ता पूँजीको दुई प्रतिशत वा त्यसभन्दा बढी सेयर लिएको तथा सेयर स्वामित्वका कारण बैंक वा वित्तीय संस्थाको व्यवस्थापनमा प्रभाव पार्न सक्ने अवस्था सम्झनुपर्ने उल्लेख छ ।

तर, बाफिया संशोधन विधेयकमा भने एक प्रतिशतभन्दा बढी सेयर लिएको वा सेयर स्वामित्वका कारण बैंक वा वित्तीय संस्थाको व्यवस्थापनमा प्रभाव पार्ने अवस्थालाई 'उल्लेख्य स्वामित्व' हुने परिभाषित गरिएको छ ।

यस्तै सम्बद्ध व्यक्तिको परिभाषालाई पनि बृहत् बनाइएको छ । हाल बाफियामा बैंक वा वित्तीय संस्थाको सञ्चालक, पदाधिकारी वा निजको परिवारको उल्लेख्य स्वामित्व रहेको कुनै फर्म, कम्पनी वा संस्था वा त्यस्तो फर्म, कम्पनी वा संस्थामा उल्लेख्य स्वामित्व रहेको कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्था वा सोमा उल्लेख्य स्वामित्व राख्ने सोको हिताधिकारीलाई सम्बद्ध व्यक्तिका रूपमा परिभाषित गरिएको छ ।

संशोधन विधेयकमा भने त्यसलाई बृहत् बनाएर बैंक वा वित्तीय संस्थामा सञ्चालक पठाउन सक्ने सेयर स्वामित्व भएको कम्पनीमा १० प्रतिशत सेयर स्वामित्व भएको कम्पनीका साथै त्यसको सञ्चालक, पदाधिकारी वा सेयरधनी पनि सम्बद्ध व्यक्ति हुने भएको छ । यसका साथै सम्बद्ध व्यक्तिलाई १९ बुँदामा परिभाषित गरिएको छ ।

### डिजिटल बैंकको लाइसेन्स दिने तयारी

राष्ट्र बैंकले डिजिटल बैंकको लाइसेन्स खुलाउने व्यवस्था बाफियाको संशोधनमार्फत गरेको छ ।

अर्थमन्त्री पुनले संसदमा दर्ता गरेको बाफिया संशोधन प्रस्तावमा ऐनको दफा ४९ पछि '४९क' थप गरी डिजिटल बैंकको लाइसेन्स दिने प्रस्ताव गरिएको हो ।

'यो ऐन, अन्य प्रचलित कानुन, प्रबन्धपत्र र नियमावली तथा राष्ट्र बैंकले तोकेको सीमा, सर्त वा निर्देशनको अधीन रही डिजिटल बैंकले राष्ट्र बैंकले तोके बमोजिम निक्षेप लिने, कर्जा प्रवाह गर्ने समेतका बैकिङ तथा वित्तीय कारोबार गर्न सक्ने छ,' प्रस्तावित बाफिया संशोधन विधेयकमा छ ।

सरकारले चालु आर्थिक वर्षको बजेटमा डिजिटल बैंकको अध्ययन गर्ने बताएको थियो । सोहीअनुसार नेपाल राष्ट्र बैंकको आर्थिक अनुसन्धान विभागले यस सम्बन्धी अवधारणापत्र तयार गरिरहेको छ ।

अहिले वित्तीय प्रविधिको तीव्र विकास भइरहेको सन्दर्भमा 'फिन्टेक' लाई मूलधारमा ल्याउने उद्देश्यसहित यो व्यवस्था गरिएको हुन सक्ने राष्ट्र बैंकका पूर्व कार्यकारी निर्देशक नरबहादुर थापाले बताए ।

'अहिले विभिन्न वित्तीय प्रविधिका कम्पनीले काम गरिरहेका छन् । डिजिटल बैंकिङ अवधारणा विश्वका अन्य मुलुकमा पनि भएकाले त्यसलाई समेत औपचारिकीकरण गर्न खोजिएको जस्तो लाग्छ,' उनले भने ।

### सञ्चालकको योग्यतामा कडाइ, दुई महिला अनिवार्य

बैंक तथा वित्तीय संस्था सञ्चालकको योग्यतामा कडाइ हुने किसिमका प्रावधान बाफिया संशोधनमा राखिएको छ । यसअघि कुनै संगठित संस्थाको अनुभवका आधारमा मात्रै बैंक तथा वित्तीय संस्थाको सञ्चालक हुन पाउने व्यवस्था भए पनि अब भने कम्तीमा स्नातक गरेकै हुनुपर्ने व्यवस्था प्रस्ताव गरिएको छ ।

हाल विदेशी वा स्वदेशी बैंक वा वित्तीय संस्था वा सम्बन्धित क्षेत्रका संगठित संस्थाको सञ्चालक वा पदाधिकारी तहमा वा नेपाल सरकारको अधिकृत स्तरमा कम्तीमा पाँच वर्ष काम गरेको व्यक्ति बैंकको सञ्चालक हुन सक्ने व्यवस्था छ ।

तर, अब उक्त अनुभव भएकाले पनि कम्तीमा स्नातक उपाधि हासिल गरेको हुनुपर्ने प्रस्ताव छ । यस्तै स्नातकोत्तर उपाधि हासिल गरेको व्यक्ति बैंकमा कुनै अनुभव नभए पनि सञ्चालक हुन पाउने प्रस्ताव गरिएको छ ।

यस्तै बैंक सञ्चालक हुन ७० वर्षको उमेर हद राख्ने तयारी गरिएको छ । हाल न्यूनतम २५ वर्ष पुगेको व्यक्ति बैंक सञ्चालक हुन पाउने व्यवस्था भए पनि माथिल्लो उमेर हद राखिएको छैन । संशोधनमा भने न्यूनतम २५ वर्ष र अधिकतम ७० वर्ष उमेर राख्न प्रस्ताव गरिएको हो । बैंक तथा वित्तीय संस्थामा कम्तीमा दुई जना स्वतन्त्र सञ्चालक नियुक्त गर्नुपर्ने प्रस्ताव गरिएको छ ।

हाल ऐनको दफा १७ अनुसार योग्यता भएको व्यक्ति मध्येबाट कम्तीमा एक जना स्वतन्त्र सञ्चालक नियुक्त गरी त्यसको जानकारी त्यस्तो नियुक्तिपछि बस्ने पहिलो साधारणसभामा दिनुपर्ने व्यवस्था थियो । त्यसलाई संशोधन गर्दै कम्तीमा एक महिला सहित दुई जना स्वतन्त्र सञ्चालक अनिवार्य नियुक्त गर्नुपर्ने गरी बाफियामा संशोधन प्रस्ताव गरिएको छ ।

बैंक वा वित्तीय संस्थाको संस्थापक, सञ्चालक वा ०.१ प्रतिशतभन्दा बढी सेयर लिएको सेयर धनी तथा निजको परिवार स्वतन्त्र सञ्चालक हुन नपाउने व्यवस्था भने यथावत छ ।

यस्तै बैंकमा सञ्चालक नियुक्त गर्दा एक महिला सञ्चालक हुने गरी नियुक्त गर्नुपर्ने प्रस्ताव संशोधन विधेयकमा छ । यस्तै अन्य बैंक तथा वित्तीय संस्थामा सञ्चालक रहेको व्यक्ति पनि पूर्वाधार बैंकमा सञ्चालक हुन पाउने व्यवस्था हटाउने प्रस्ताव बाफिया संशोधनमा छ ।

सञ्चालक चार वर्षे एक कार्यकाल पूरा भएपछि अर्को एक अवधिका लागि मात्रै पुन: नियुक्त हुने व्यवस्था बाफियामा गर्न प्रस्ताव गरिएको छ ।

### लघुवित्त आईपीओको ४० प्रतिशत सेयर ऋणीलाई

लघुवित्त वित्तीय संस्थाले साधारण सेयर (आईपीओ) को ४० प्रतिशत संस्थाका ऋणीलाई आरक्षित गर्नुपर्ने भएको छ । बाफियाको दफा ९ मा उपदफा (८) थप गर्दै भनिएको छ, 'घ' वर्गको वित्तीय संस्थाले उपदफा (१) बमोजिम सर्वसाधारणलाई बिक्री वितरण गर्नका लागि छुट्ट्याएको सेयरलाई शतप्रतिशत मानी त्यस्तो सेयर मध्येबाट कम्तीमा ४० प्रतिशतसम्म सेयर आफ्ना ऋणी सदस्यका लागि छुट्ट्याउनुपर्ने छ ।'

### डिजिटल मुद्रा ल्याउन कानुनी बाटो खोलिदै

बाफिया संशोधनले डिजिटल मुद्रा ल्याउन कानुन संशोधनको प्रस्ताव गरेको छ । राष्ट्र बैंकले केन्द्रीय बैंक विद्युतीय मुद्रा (सीबीडीसी) को अध्ययन गरिसकेको सन्दर्भमा त्यससम्बन्धी व्यवस्था बाफियामा गर्न प्रस्ताव गरिएको हो । ऐनको दफा ४९ मा बैंकहरूले डिजिटल मुद्रा स्वीकार गर्ने तथा भुक्तानी दिन सक्ने प्रावधान राखिएको छ । डिजिटल मुद्रा प्रयोग तथा प्रवर्द्धन गर्न यस्तो व्यवस्था प्रस्ताव गरिएको हो ।

*(स्रोत: अनलाइनखबर)*

# उपेन्द्र सुब्बाको 'मनसरा' टिजर रिलिज

काठमाडौं/यस वर्षको बैशाखमा प्रदर्शन भएको फिल्म 'जारी'बाट कवि उपेन्द्र सुब्बाले निर्देशनमा डेब्यू गरेका थिए । उनको पहिलो फिल्मले नै बक्स अफिसमा ठूलो सफलता पायो । अब उनको दोस्रो निर्देशकीय फिल्म 'मनसरा' आगामी बैशाख २१ गतेबाट प्रदर्शन हुँदैछ । बिहीबार युट्युबमार्फत् फिल्मको २ मिनेट १५ सेकेण्ड लामो टिजर सार्वजनिक गर्दै कथावस्तुबारे महत्त्वपूर्ण खुलासा गरिएको छ ।



फिल्मका कलाकारहरु मिरुना मगर, प्रवीण खतिवडा र मेनुका प्रधान टिजरको केन्द्रमा छन् । सहर नजिकको एउटै बस्तीमा बस्ने उनीहरुबीचको सम्बन्धको आयामलाई टिजरले बोलेको छ । विवाहित मिरुनाप्रति प्रवीणको सुषुप्त प्रेम र उनकी श्रीमती (मेनुका)ले शंका गर्दा उत्पन्न परिस्थितिमा टिजर केन्द्रित छ । एक दृश्यमा दयाहाङ राई निराश मुद्रामा झोला भिरेर भौंतारिरहेका देखिन्छन् ।

उपेन्द्र सुब्बा स्वयंको लेखन रहेको फिल्मका निर्माता शैलेन्द्र ध्वज कार्की हुन् भने उनी नै छायाँकार हुन् । विष्ण कुमार लिम्बू, पर्शु अधिकारी, मनोरथ पोखरेल, पिटर गुरुङ तथा जीवन लिम्बु थाक्लुङ फिल्मको सह-निर्मातामा छन् भने सिजन दाहाल कार्यकारी निर्माता हुन् । फिल्ममा शान्ति गिरी, लोकमणि सापकोटा, विद्या कार्की, लक्ष्मण विक्रम बस्नेत लगायतको पनि अभिनय रहेको छ ।

# शोभितको 'बद्री बहादुर' ट्रेलरमा दुईअर्थी संवाद

काठमाडौं/यही चैत २३ गतेबाट प्रदर्शन हुन लागेको शोभित बस्नेत निर्देशित फिल्म 'बद्री बहादुर'को ट्रेलर सार्वजनिक गरिएको छ । बिहीबार काठमाडौंमा एक कार्यक्रमका बीच सार्वजनिक ३ मिनेट २० सेकेण्ड लम्बाईको ट्रेलर कमेडी शैलीमा तयार पारिएको छ । भारतका चर्चित कमेडियन कपिल शर्माले दिएको शुभकामना सन्देश समेत राखिएको ट्रेलरमा दुईअर्थी संवादलाई प्राथमिकता दिइएको छ ।



सञ्चारकर्मी तथा चलचित्र विकास बोर्डका सदस्य समेत रहेका रवि अधिकारी कार्यकारी निर्माता रहेको फिल्ममा जय किसन बस्नेत, शोभित बस्नेत, एलिना गुरुङ, छुल्ठिम गुरुङ, राजीव जंग बस्नेत, धिरेन शाक्य, उत्तम केसी, वर्षा चौलागाई लगायतको अभिनय छ । फिल्मको एक गीतमा अभिनेता सलोन बस्नेत र अभिनेत्री पूजा शर्माले नृत्य गरेका छन् । विनोद सापकोटाले फिल्म खिचेका हुन् ।

एबी पिक्चर्स फार्म र सलोन-सलिना फिल्म्सको संयुक्त निर्माण रहेको फिल्मको प्रस्तुतकर्ता विजय गोपाल दली तथा निर्माता मिथुन भोटे हुन् । फिल्ममा टंक बुढाथोकी र उजन नेम्वाङको संगीत, रामकाजी घिमिरे लेखन, शंकर महर्जनको द्वन्द्व निर्देशन र समिर मियाँ सम्पादन रहेको छ । काठमाडौं, लमजुङ, धरान र संखुवासभामा खिचिएको फिल्मलाई आरआर फिल्म्सले वितरण गर्दैछ ।

निर्देशक बस्नेत 'बद्री बहादुर' शिक्षा दिने उद्देश्यले नबनाएको बताउँछन् । कार्यक्रममा उनले भने, 'यो फिल्म एकदमै र माइलो छ । दर्शकले हेरुन्जेल मज्जाले हाँस्नु हुन्छ । मान्छे अनेक तनावमा हुन्छन् अनि फिल्म शिक्षा र सन्देश दिने किन बनाउने ? दर्शकले सवा २ घण्टा रमाइलो गरुन् भनेर नै फिल्म बनाएको हुँ ।' फिल्मलाई शुभकामना दिएकोमा कपिल शर्मालाई पनि उनले धन्यवाद दिए ।

# 'बोक्सीको घर' गीतमा केकीको खुसी र पीडा भाव

काठमाडौं/आगामी बैशाख १४ गतेदेखि प्रदर्शनमा आउन लागेको फिल्म 'बोक्सीको घर'को पहिलो गीत सार्वजनिक गरिएको छ । 'जिन्दगीको कथा, यता न उता' बोलको गीतमा स्वीअरिती र निहारिकाको स्वर, मोनिस निरौलाको संगीत तथा सुलक्षण भारतीको शब्द रचना छ । गीतमा अभिनेत्री केकी अधिकारी नवविवाहित दुलहीको रुपमा देखिएकी छन् । गीतले उनको खुसी र पीडा भाव बोलेको छ ।



फिल्ममा सुलक्षण भारतीको लेखन तथा निर्देशन छ भने उनी आफैं केकीको श्रीमानको भूमिकामा पनि छन् । रमा थपलिया, सुपला सापकोटा, श्वेच्छा राउत, सुष्मा निरौला, सबिन बास्तोला, जीवन बराल लगायतको पनि अभिनय रहेको फिल्मले समाजमा प्रचलित बोक्सी कुप्रथालाई चित्रण गरेको छ । ८ वर्ष अगाडि मण्डला थिएटरमा मञ्चन भएको 'बोक्सीको घर' नाटकमाथि फिल्म बनेको हो ।

केकी अधिकारी फिल्म्सको प्रस्तुतिमा निर्माण भएको फिल्म नेपालसहित ओभरसिज बजारमा एकसाथ प्रदर्शन हुने जनाइएको छ । केकीका बाबु बद्री अधिकारी (निर्देशक) निर्माता रहेको फिल्मको कार्यकारी निर्माता राज घिमिरे हुन् । शिवराम श्रेष्ठको छायांकन, लोकेश बज्राचार्यको सम्पादन तथा लोचन रिजालको ब्याकग्राउन्ड म्यूजिक रहेको यो फिल्मलाई टिफल्क फिल्म्सले वितरण गर्नेछ ।

# सिडिओले मिडियाको निगरानी गर्ने निर्देशनबाट पछि हट्यो गृह मन्त्रालय




काठमाडौं/गृह मन्त्रालयले आमसञ्चारमाध्यमका विषय निगरानी र कारबाही चलाउन प्रमुख जिल्ला अधिकारीहरुलाई गरेको परिपत्र सच्याएको छ ।

७७ जिल्लाका प्रमुख जिल्ला अधिकारीहरुलाई बिहीबार पठाएको परिपत्रमा अनलाइन तथा छापा सञ्चारमाध्यमको अनुगमन र कारबाही गर्न जिल्ला प्रशासन कार्यालयमा डेस्क राख्ने उल्लेख थियो ।

तर उक्त परिपत्र सार्वजनिक भएसँगै विरोध सुरु भएको थियो । त्यसपछि बिहीबार साँझ नै गृह मन्त्रालयले अर्को विज्ञप्ति जारी गरी सञ्चारमाध्यमको निगरानी र कारबाही गर्ने विषय परिपत्रमा समावेश नभएको स्पष्टीकरण दिएको छ ।

'मिति २०८० चैत ६ गते मन्त्रालयबाट यससम्बन्धी परिपत्र नभएको र सञ्चारमाध्यममा प्रकाशित सरोकारलाई समेत मध्यनजर गरी मस्यौदामा उल्लेख भएका उक्त बुँदाहरु हटाई अन्य विषयहरु मात्र समावेश गरी मिति २०८० चैत ८ गते परिपत्र गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ', गृहका प्रवक्ता नारायणप्रसाद भट्टराईले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

# अर्थमन्त्री फेरिएपछि कति बढ्यो भुक्तानी ?

काठमाडौं/अर्थमन्त्री वर्षमान पुनले मन्त्रालय सम्हालेसँगै आफूले भुक्तानी बढाएको र यसले अर्थतन्त्र चलायमान बनाउन सहयोग पुग्ने बताउँदै आएका छन् ।

तथ्यांक अनुसार पछिल्लो १५ दिनमा अर्थले साढे ५५ अर्ब रुपैयाँ भुक्तानी गरेको देखिन्छ । तर, यसको ठूलो हिस्सा पुन: चालु खर्च र वित्तीय व्यवस्थामा हुँदा अर्थमन्त्रीले दाबी गरेजस्तै अर्थतन्त्र चलायमान बनाउन भने उल्लेख्य भूमिका खेल्दैन ।

महालेखा नियन्त्रक कार्यालयका अनुसार अर्थमन्त्रीले मन्त्रालय सम्हालेयता १५ दिनमा अर्थले ५५ अर्ब ६९ करोड रुपैयाँ भुक्तानी दिइसकेको छ । यसमध्ये चालु खर्चका लागिमात्र २६ अर्ब रुपैयाँ भुक्तानी भएको छ । पूँजीगत खर्च ११ अर्ब रुपैयाँ भएको छ । वित्तीय व्यवस्थामा १९ अर्ब खर्च भएको छ ।

अर्थमन्त्री वर्षमान पुनका अनुसार उनले मन्त्रालय सम्हालेपछि दूध किसानलाई भुक्तानी गर्न ३० करोड रुपैयाँ निकासा दिइएको छ ।

सामाजिक सुरक्षा सहितका रोकिएका भुक्तानी समेत आफूले अगाडि बढाएको उनको भनाइ छ । यसबाहेक निर्माण व्यवसायीको माग अनुसार म्याद थप हुँदा ४० अर्ब हाराहारी बिल आउने अनुमान अर्थले गरेको छ । यो रकम समेत भुक्तानी गरिने अर्थमन्त्री पुनले बताउँदै आएका छन् । उनले बजेट तथा कार्यक्रम महाशाखालाई भुक्तानी प्रक्रिया थाल्न समेत निर्देशन दिएका थिए ।

पुनले अर्थ मन्त्रालय सम्हालेको दिन (२३ फागुन) मा कुल बजेट खर्च ७ खर्ब ६८ अर्ब २३ करोड थियो । बुधबार (७ चैत) सम्म कुल खर्च ८ खर्ब २३ अर्ब ९२ करोड पुगेको छ । यो १५ दिनमा ५५ अर्ब ६९ करोड खर्च भएको छ । २३ फागुनका दिनसम्म चालु खर्च ५ खर्ब ६७ अर्ब ६४ करोड थियो । १५ दिनमा चालु खर्च बढेर ५ खर्ब ९३ अर्ब पुगेको छ । २३ फागुनमा पूँजीगत खर्च ७५ अर्ब ५३ करोड थियो । बुधबार पूँजीगत खर्च बढेर ८६ अर्ब पुगेको छ ।

त्यस्तै २३ फागुनसम्म वित्तीय व्यवस्थामा १ खर्ब २५ अर्ब खर्च भएको थियो । त्यसयता १५ दिनमा वित्तीय व्यवस्थामा १ खर्ब ४४ अर्ब खर्च भइसकेको छ । निजी क्षेत्रले सरकारले पूँजीगत खर्च बढाउन नसक्दा अर्थतन्त्र चलायमान नभएको भन्दै गुनासो गर्दै आएको छ ।

अर्थमन्त्री फेरिएपछि पुनसँग निजी क्षेत्रले गरेका हरेकजसो भेटमा निजी क्षेत्रले यही माग दोहोऱ्याइरहेको छ । तर, अर्थमन्त्री पुन भने नेपालका विकासे अड्डामा खर्च गर्ने क्षमता नहुँदा सार्वजनिक वित्त कमजोर भइरहेको बताउँछन् ।

बुधबार विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता माथि संसद्मा उठेका प्रश्नको जवाफ दिँदै उनले आफू १२ वर्ष अगाडि अर्थ मन्त्रालय आउँदा जति कर्मचारी थिए, अहिले त्योभन्दा कम कर्मचारी रहेको उल्लेख गर्दै सरकारले खर्च गर्ने क्षमता नै बढाउन नसकेको स्वीकार गरेका थिए । खर्च बढाउने सन्दर्भमा संरचनात्मक सुधारको खाँचो रहेको उनको भनाइ छ ।

### आगामी वर्षलाई आशा

अर्थमन्त्री पुनले अर्थतन्त्र शिथिल बन्नुका कारणमध्ये पूँजीगत खर्च कम विनियोजन हुनु र विनियोजन गरिएको सीमित बजेट पनि खर्च नहुनु रहेको स्वीकार्छन् । आगामी वर्ष भने यसमा सुधार गरिने उनको प्रतिद्धता छ ।

# कस्तो छ 'महाजात्रा'को बुकिङ ट्रेन्ड ?

काठमाडौं/यस वर्ष उच्च कमाई गर्ने फिल्मको सूचीमा 'जारी' अग्रस्थानमा छ । १७ करोड ग्रस कलेक्सनको रेकर्ड बनाएको फिल्मलाई यो वर्ष कुनैले टक्कर दिन सकेका छैनन् । अब यो अपेक्षा फिल्म 'महाजात्रा'बाट गरिएको छ । यसका अघिल्ला दुईवटा श्रृंखला 'सुपरहिट' भएकाले फिल्मले बक्सअफिसमा आकर्षक अंक जोड्ने प्रक्षेपण धेरैको छ । र, सिंगो फिल्म क्षेत्रकै आशा यो फिल्ममाथि देखिन्छ ।

मंगलबार काठमाडौंमा भएको प्रिमियरमा उम्दा प्रतिक्रिया पाएको फिल्मलाई मल्टीप्लेक्सहरुमा शोजको बाढी छ । देशभर फिल्मले साढे २ सय हाराहारी शोज पाएको छ । देशकै सबैभन्दा ठूलो मल्टीप्लेक्स चेन क्यूएफएक्सले आफ्नो देशभरको ९ वटा स्टेशनमा फिल्मलाई कूल ७१ शोज उपलब्ध गराएको छ । अन्य मल्टीप्लेक्स हलहरुले पनि फिल्मलाई पर्याप्त मात्रामा शोज बाँडेका छन् ।

मंगलबारबाटै फिल्मको बुकिङ खुलिसकेको छ । क्यूएफएक्समा फिल्मको बुकिङ ट्रेन्ड हेर्ने हो भने सुखद् देखिन्छ । प्राप्त शोजको करिब ३० प्रतिशत टिकट बिक्री भइसकेको छ । केही शोज 'सोल्डआउट'को चरणमा छन् । अन्य मल्टीप्लेक्सहरुमा पनि यही ट्रेन्ड छ । नेपाली फिल्मको टिकट प्राय: 'डोर सोल' बढी हुने भएकाले 'महाजात्रा'ले करिब १ करोड हाराहारीको ओपनिङ गर्न सक्नेछ ।

फिल्ममा 'स्टारकास्ट' बलियो छ । यसको फाइदा इनिसियल व्यापारमा हुनसक्छ । र, आइतबार काठमाडौंसहित पहाडी जिल्ला र सोमबार तराई क्षेत्रमा होलीको सार्वजनिक विदा छ । यसरी हेर्दा फिल्मलाई व्यापारमा उछाल कायम गर्ने सानदार मौका छ । अब दर्शकबाट प्राप्त हुने 'वर्ड अफ माउथ' महत्त्वपूर्ण रहनेछ । यो फिल्मले समसामयिक विषयवस्तुलाई हाँस्य रसमा प्रस्तुत गरेको छ ।

प्रदीप भट्टराईको निर्देशनमा बनेको फिल्ममा हरिवंश आचार्य, विपिन कार्की, रविन्द्र सिंह बानियाँ, रविन्द्र झा, वर्षा राउत, दिव्यदेव, राजाराम पौडेल, शिशिर वाङ्देल, प्रकाश घिमिरे, अर्जुनजंग शाही, मोहन निरौला लगायतको अभिनय छ । फिल्मको कार्यकारी निर्माता रविन्द्र सिंह बानियाँ हुन् भने निर्मातामा म्याक्स दीपेश खत्री र यज्ञश्वर पौडेल छन् । पुरुषोत्तम प्रधानले फिल्म खिचेका हुन् ।

के तपाई फोटोकपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# मनहरी बालश्रममुक्त अभियानमा

साझाकुरा संवाददाता



हेटौंडा, ८ चैत/मनहरी गाउँपालिकामा बालश्रम निबारणमा क्षेत्रगत अबधारणा र स्थानीय तह तथा शिक्षकको भूमिका बिषयक प्रशिक्षण उपाध्यक्ष सीता पुलामीमगरको सभाध्यक्षतामा सम्पन्न भएको छ ।

प्रमुख प्रशासकीय अधिकृत रमेश सुबेदी, दिगो विकाश लक्ष्य ८.७ का लागि नागरिकसमाज संजाल बागमती प्रदेशको अध्यक्ष तथा बालकल्याण समाजका अध्यक्ष प्रकाश खतिवडा, ग्लोबल मार्चको कार्यक्रम प्रबन्धक एन्जेला सोलानो डोन्सेल, स्वतन्त्रता अभियानका प्रबन्धक प्रतिक्षा केसी, पालिकाको शिक्षाप्रमुख प्रदीप पराजुली, सामाजिक शाखा प्रमुख ज्ञानेन्द्र ढकाल, बिभिन्न विद्यालयका शिक्षक, पालिकाको बिभिन्न शाखाप्रमुखको आतिथ्यमा कार्यक्रम भएको हो ।

बालकल्याण समाज मकवानपुर, स्वतन्त्रता अभियान र ग्लोबल मार्चको संयुक्त आयोजना तथा मनहरी गाउँपालिकाको सहकार्यमा कार्यक्रम भएको हो । बालअधिकारकर्मी आत्माराम थापाले सहजीकरण गर्दै बालश्रममुक्त स्थानीय तह घोषणा कार्यबिधि २०७७ मा भएको मुख्य ब्यबस्था, बालश्रमअन्त्यको लागि यसअघि तयार पारिएको कार्ययोजनाको समीक्षा गरिएको थियो ।

गाउँपालिका उपाध्यक्ष पुलामीले पालिकाबाट बालश्रममुक्त गर्न काम गरिरहेको बताउँदै छिमेकी पालिकाबाट बालबालिका बालश्रम गर्न मनहरीमा आएकोले समस्या भएको बताइन् । उनले तीनै तहको सरकारबीच समन्वय भएमा छिटो बालश्रममुक्त, बालबिबाहमुक्त, सबैका लागि शिक्षा निःशुल्क गराउन सकिने भएकोले संघीय र प्रदेश सरकारले नीतिगत तहमा सहकार्य गर्न आग्रह गरिन् ।

# जनकल्याणका विद्यार्थीलाई लक्ष्य निर्धारण तालिम

साझाकुरा संवाददाता

हेटौंडा, ८ चैत/थाहा नगरपालिका अन्तरगत माध्यमिक तह कक्षा १२ मा अध्ययनरत विद्यार्थीलाई पालुङ जेसीसले लक्ष्य निर्धारणसम्बन्धी एकदिने प्रशिक्षण आयोजना गरेको छ ।

बिहिवार जनकल्याण मावि थाहानगरमा कार्यक्रम आयोजना भएको हो । कार्यक्रममा कक्षा १२ मा अध्यनरत ५८ जना विद्यार्थीको सहभागिता रहेको थियो ।

माध्यमिक तहमा अध्ययनरत विद्यार्थीलाई जीवनउपयोगी सीपका साथै अध्ययनमा केन्द्रित गराउनको लागि कार्यक्रमको आयोजना गरिएको पालुङ जेसीज वर्ष २०२४ का अध्यक्ष निरज रायमाझीले जानकारी दिए ।

जनकल्याण माविका प्रधानाध्यापक सानोभाइ कार्कीको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा पूर्वअध्यक्षहरु जयराम खत्री, मनोज रायमाझी, सुरेन्द्रमान प्रधानको आतिथ्यता रहेको थियो ।

उपाध्यक्षहरु स्मिता बिष्ट, बिराज थापा, नारायण कार्की, कार्यकारी उपाध्यक्ष नारायण तामाङ, कानुनी सल्लाहकार सुविन्द्रमान प्रधान, कोषाध्यक्ष संजय गोपाली, तथा निवर्तमान अध्यक्ष संगम कार्कीको उपस्तिथि रहेको थियो ।

रोशनी गोपालीले सहजीकरण गरेको कार्यक्रममा प्रशिक्षक कुमार नेगीले विद्यार्थीलाई लक्ष्य निर्धारण गोल सेटिङसम्बन्धी प्रशिक्षण दिएका थिए ।

कार्यक्रम पालुङ जेसीज वर्ष २०२४ का तालिमआयुक्त अजित कार्कीको संयोजकत्वमा भएको थियो भने कार्यक्रममा स्वागत मन्तव्य कार्यकारीणी उपाध्यक्ष मानसिं दोङ्ले गरेका थिए ।

# एसईईका लागि मकवानपुरमा २६ परीक्षा केन्द्र

साझाकुरा संवाददाता



हेटौंडा, ८ चैत/यही चैत १५ गतेबाट सञ्चालन हुने माध्यमिक शिक्षा परीक्षा (एसईई) को लागि मकवानपुरमा परीक्षा केन्द्र तोकिएको छ । एसईईका लागि मकवानपुर जिल्लामा २६ वटा परीक्षा केन्द्र तोकिएको शिक्षा विकास तथा समन्वय ईकाई मकवानपुरले जनाएको छ ।

गत वर्ष मकवानपुर जिल्लामा २५ परीक्षा केन्द्र रहेकोमा यस वर्ष राक्सिराङको प्रजा जागृति माध्यमिक विद्यालयलाई नयाँ परीक्षा केन्द्र थप गरिएको कार्यालयले जनाएको छ । ईकाइका अनुसार जिल्लाका ९ वटा पालिकामा एसईईको परीक्षा केन्द्र कायम हुँदा एक वटा पालिकामा परीक्षा केन्द्र तोकिएको छैन । इकाइ मकवानपुरका अनुसार हेटौंडा उपमहानगरपालिकामा १४ वटा र अन्य ८ पालिकामा १२ वटा विद्यालयलाई परीक्षा केन्द्र कायम गर्दा कैलाश गाउँपालिकाको कुनै पनि विद्यालयलाई परीक्षा केन्द्र तोकेको छैन ।

शिक्षा विकास तथा समन्वय ईकाई मकवानपुरका अनुसार बागमतीमा १, हेटौंडामा १४, मनहरीमा २, थाहानगरमा ३, मकवानपुरगढी १, बकैयामा २, भीमफेदीमा १, इन्द्रसरोवर १ र राक्सिराङमा १ वटा परीक्षा केन्द्र तोकिएको हो । कैलाश गाउपालिकामा भौतिक पूर्वाधारको अभावका कारण परीक्षा केन्द्र नतोकिएको शिक्षा विकास तथा समन्वय इकाई प्रमुख दिनानाथ गौतमले बताए ।

बागमतीको जनता माध्यमिक विद्यालय, मनहरीको राष्ट्रिय रोटरी माध्यमिक विद्यालय र महेन्द्र किरण माध्यमिक विद्यालय, बकैयाको महेन्द्र माध्यमिक विद्यालय र बुद्ध माध्यमिक विद्यालय, थाहा नगरपालिकाको मत्स्यनारायण माध्यमिक विद्यालय र जनकल्याण माध्यमिक विद्यालयलाई परीक्षा केन्द्र तोकिएको छ ।

यस्तै मकवानपुरगढी गाउँपालिकाका जाल्पादेवी माध्यमिक विद्यालय, भीमफेदी गाउँपालिकाको महेन्द्र माध्यमिक विद्यालय, इन्द्रसरोवर गाउँपालिकाको सरस्वती बालबोधिनी माध्यमिक विद्यालय र राक्सिराङ गाउँपालिकाको प्रजा जागृति माध्यमिक विद्यालयलाई परीक्षा केन्द्र तोकिएको छ ।

हेटौंडाको जनप्रिय माध्यमिक विद्यालय, महेन्द्र किरण माध्यमिक विद्यालय, निर्मल माध्यमिक विद्यालय, वंशगोपाल माध्यमिक विद्यालय, आधुनिक राष्ट्रिय माध्यमिक विद्यालय, बालज्योति माध्यमिक विद्यालय, ज्ञानदा माध्यमिक विद्यालय, भुटनदेवी माध्यमिक विद्यालय, सिद्धार्थ माध्यमिक विद्यालय, जीएस निकेतन माध्यमिक विद्यालय, सोलिड्यारिटी इन्टरनेशनल माध्यमिक विद्यालय, प्रगति माध्यमिक विद्यालय, अमर माध्यमिक विद्यालय र चन्द्रोदय माध्यमिक विद्यालयलाई परीक्षा केन्द्र तोकेको छ । मकवानपुरमा यस वर्ष ६ हजार १ सय ६३ जना विद्यार्थीले एसइई परीक्षा दिँदै छन् । परीक्षाको सम्पूर्ण तयारी पुरा भएको शिक्षा विकास समन्वय ईकाई मकवानपुरले जनाएको छ ।

# प्रकृतिको भण्डार दामन-सिमभन्ज्याङको पदमार्ग

साझाकुरा संवाददाता

हेटौंडा, ८ चैत/थाहा नगरपालिकाको शिखरकोट-धारापानी-ऋषेश्वर-सिमभन्ज्याङ-दामन पदयात्रामा सहभागी यात्रुहरुले यो पदमार्गलाई प्रकृतिको भण्डारको रुपमा ब्याख्या गरेका छन् । नेपालको राष्ट्रिय फूल लालीगुराँसका बिभिन्न प्रजाति दामन सिमभञ्ज्याङ क्षेत्रमा पाईने हुनाले यस पदमार्गलाई गुराँस पदमार्ग नामांकरण गर्नपनि सकिने यात्रामा सहभागीहरुले बताए ।

राजधानीबाट नजिक रहेको थाहा नगरपालिकाको वडा नं. ३ र ४ मा पर्ने यो पदमार्ग अत्यन्तै मनोरम भएको समेत यात्रामा सहभागी हुनेहरुले बताए ।

चैत्र ३ गते शनिवार काठमाडौंका ह्याप्पी हाईकर्सका टोली र स्थानीय समेत ७५ जनाले यो पदमार्गमा पदयात्रा गरे ।

शिखरकोटमा स्थानीय महिला खैजडी भजन सहित थाहा नगरपालिकाका प्रमुख बिष्णुबहादुर बिष्ट, उपप्रमुख भरत गोपाली र स्थानीयले पदयात्रीहरुलाई स्वागत गरेका थिए ।

शिखरकोटबाट धारापनी ऋषेश्वर खोला र जंगल हुँदै हिन्दु र बौद्य धर्मको समान आस्थाका केन्द्र ऋषेश्वर महादेवको दर्शन, तारेभिर अवलोकन, मकवानपुर जिल्लाको सबैभन्दा अग्लो स्थान सिमभञ्ज्याङमा रहेको प्रकृतिक ताल र ताल आसपाका बिभिन्न प्रजातिका गुराँस अवलोकन, दामनको पर्वतिय वनस्पति उद्यानमा वनस्पतिसंगै गुराँस हेरेर, नेपालकै पहिलो भ्युटावर (शितल टावर), नयाँगाउँ हुँदै करिव १९ क्लिोमिटरको पार गर्दै पुनः शिखरकोट आईपुगेपछि पदयात्रा समापन हुने यस पदयात्राका परिकल्पनाकार गणेश बिष्टले बताए ।

थाहा नगरलाई पर्यटकीय रुपमा प्रचारप्रसार गर्न तल्लिन युवा फोटोपत्रकार बिष्टले शितल वातावरणमा प्राकृतिक, धार्मिक र पर्यटकीय यात्राको लागि यो पदयात्रा सहासिक र रोमान्चक हुने बताए ।

पदयात्रीहरुलाई सिमभञ्ज्याङमा स्थानीय होटल ब्यवशायीहरुले फूलमाला सहित चिया खुवाएर स्वागत गरेका थिए ।

बसन्त ऋतुका सुरुवातसंगै रुख बिरुवामा नयाँ पालुवाका साथ गुराँस फुल्ने सिजनमा यो पदयात्रा निकै रोमाञ्चकारी हुने स्थानीय अनिता बिष्टले बताईन् ।

पदयात्रामा सहभागी ६८ वर्षिय सनतकुमार रेग्मीले एकदिनको पदयात्राको लागि यो रुट राम्रो भएको र फेरि पनि आउने बताए ।

स्थानिय सरकार तथा संघ संस्थाले यो पदमार्गको बारेमा परिचय सहितको बोर्ड र ठाउँ ठाउँमा पथनिर्देशन भए यात्रामा सहजता हुने ह्याप्पी हाईकर्सका नवराज अर्यालले बताए ।

प्राकृतिक शान्त वातावरणको अनुभव गर्न पनि थाहा नगरपालिका उपयुक्त स्थान भएको पदयात्रीहरुले बताए । यो सिजनमा दामन सिमभञ्ज्याङका डाँडाँलाई ढाक्नेगरी गुराँस फुल्ने भएकोले यस क्षेत्रमा भ्रमण गर्नेहरु निकै आनन्दित हुन्छन् ।

पहाडी थुम्को वरिपरि स-साना गाउँवस्ती र हरियालीको संगमले दामन पदयात्रा गर्न निकै आकर्षक गन्तब्य बन्नसक्ने पदयात्री राजाराम फुँयालले बताए ।

उनले भीडभाडबाट टाढा रहेको दामन तराईको गर्मी छल्न र ब्यस्त दैनिकीबाट रिफ्रेस हुने उपयुक्त गन्तब्य दामन रहेको बताए । अझ गुराँस र विभिन्न जडिबुटीका कारण एक रमणीय गन्तव्य मात्र नभई प्रकृतिको भण्डार नै भएको फुयाँलको तर्क छ ।

# राक्सिराङमा बाल विवाह न्यूनीकरणका लागि सचेतना कार्यक्रम

साझाकुरा संवाददाता

हेटौंडा, ८ चैत/मकवानपुरको राक्सिराङ गाउँपालिकामा बाल विवाह न्यूनीकरणका लागि सचेतना कार्यक्रम आयोजना गरिएको छ । मंगलबार वडा नम्बर ६ स्थित सिलिङ्गेमा जिल्ला समन्वय समिति मकवानपुरद्वारा कार्यक्रमको आयोजना गरिएको हो ।

कार्यक्रममा बोल्दै जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानले बाल विवाह अन्त्यका लागि घर-परिवारबाटै प्रयास गर्नुपर्ने बताए । उनले स्थानीय तहहरूलाई बालमैत्री बनाएर बाल विवाह न्यूनीकरण गर्न सकिने बताए । बालमैत्री स्थानीय तहमा बालबालिकाहरू विद्यालय नछोड्ने र बाल विवाह कम हुने उनको दाबी छ ।

संविधानसभा सदस्य गोविन्दराम चेपाङले राक्सिराङमा घरदैलोमै गएर बालविवाहबारे सचेतना फैलाउनुपर्ने बताए । उनले राक्सिराङमा बाल विवाहका घटनाहरू भए पनि बाहिर नआउने गरेको बताए ।

यसैगरी, राक्सिराङका प्रमुख प्रशासकीय अधिकृत देवचन्द्र गर्तौलाले बाल विवाह अन्त्यका लागि सबैको योगदान आवश्यक रहेको बताउनुभयो। बाल विवाहका कारण विभिन्न समस्याहरू उत्पन्न हुने गरेको उल्लेख गर्दै उहाँले गत आर्थिक वर्षमा राक्सिराङमा ७० बालबालिकामा कुपोषणको समस्या देखिएको जानकारी दिनुभयो।

कार्यक्रमको सहजीकरण बागमती प्रदेश मानव अधिकार समितिका सदस्य एवम् बाल

## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरू:

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



सम्पर्क कार्यालय: सितलमहल चोकबाट ॐ हल जाने बाटोमा

के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७०४१५, ९८१७२८४६१४, ९८४५६२३५६९

## सम्पूर्ण ब्राण्डका गाडी
## एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम



Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

## हक दाबी गर्न आउने सम्बन्धी ३५ दिने सूचना !

उपरोक्त सम्बन्धमा यस सहकारी संस्थाका शेयर सदस्य नं. ६१९ का हेटौंडा-२ निवासी ईन्द्र कुमारी थापा मगरको हालै निधन भएको भन्ने जानकारी प्राप्त भएकोले यस सहकारीमा उपलब्ध कागजपत्र अनुसार वहाँको हकवालाको रुपमा सरोज कुमार थापा भन्ने देखिन आएकोले वहाँ स्वयम् वा वहाँदेखि बाहेक अरु पनि कोही हक दाबी गर्ने हुनुहुन्छ भने यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिन भित्र आवश्यक कागजात सहित संस्थामा सम्पर्क गर्नु हुन अनुरोध छ ।

उक्त समय अवधि पश्चात संस्थाको नियमानुसार हुने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**सुन्दर बचत तथा ऋण सहकारी संस्था लि.**
हेटौंडा-१, चौकीटोल

## सूचना ! सूचना ! सूचना !

नेपाल निर्माण व्यवसायी महासंघको २५ औं साधारण सभा यही आउँदो २०८० साल चैत्र १६ र १७ गतेका दिन निर्माण व्यवसायी संघ मकवानपुर सह-आयोजक हुने गरी **सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड)** को **प्रमुख आतिथ्य**तामा **बागमती प्रदेशको राजधानी हेटौडा**को रोयल प्यालेस, हेटौंडा, मकवानपुरमा सम्पन्न हुन गईरहेको व्यहोरा महोदयमा सहर्ष जानकारी गराउँदछौं । उक्त २५ औं साधारण सभामा विभिन्न मन्त्रालयका मन्त्रीज्यूहरु, बागमती प्रदेशका मुख्यमन्त्रीज्यू तथा प्रदेश मन्त्रीज्यूहरु, माननीय सासदज्यूहरु, संघीय सचिवज्यूहरु, सरकारी कार्यालयका उच्चपदस्थ कर्मचारीहरु, विभिन्न संघ संस्था, गैरसरकारी संस्थाका प्रतिनिधिहरु र निर्माण व्यवसायीहरु गरी करिब १८०० जनाको प्रतिनिधि पर्यवक्षकका रुपमा सहभागिता रहने व्यहोरा समेत यहाँमा जानकारी गराउँदछौं ।

साथै, यस संघमा दर्ता रहनु भएका निर्माण व्यवसायीहरु ले नेपाल निर्माण व्यवसायी महासंघको २५ औं वार्षिक साधारण सभा मा सहभागी हुन मिति २०८० चैत्र ९ गते सम्ममा २०८०/०८१ को अनिर्वाय रुपमा यस संघमा नविकरण गराईसक्नु पर्ने र उप्त साधारण सभामा प्रतिनिधि पर्यवक्षकको रुपमा सहभागी हुनको लागि रजिष्ट्रेशन बापत रु १,००० (एक हजार रुपैयाँ मात्र) लाग्ने व्यहोरा समेत जानकारी गर्दछौं ।

राजेन्द्र प्रसाद चौलागाई
महासचिव
**निर्माण व्यवसायी संघ मकवानपुर**

## हेटौंडामै उत्पादित
# सुदिन ड्राइमिट






Ready To Eat

हाम्रा विशेषताहरू:

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

सुदिन प्याकेजिङ्ग उद्योग
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना